'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न बिर्सन्छौं ।' - मदर टेरेसा

# रेखदेख

५ औं वार्षिकोत्सव

हामी जे देख्छौं, त्यही लेख्छौं

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत

साप्ताहिक

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा
सम्पर्कको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com

वर्ष ५ अंक ४० रुकुम २०७६ भदौ ३० सोमबार 16 September 2019 Monday बार्षिक शुल्क १०००। पृष्ठ ६



### वर्चश्व दलित शासककै

दलितभित्रको विभेद अन्त्य हुन नसक्नुका पछाडि दलित शासकहरूले दलितभित्र नै शासन गर्न खोज्नु पनि एक महत्वपूर्ण कारक तत्व बनेको छ।


२



### कथाः प्रेमको परीक्षा

शिवजीको पालामा भन्दा अहिले परीक्षाको शैली फेरिएको छ । आजकाल फेसबुकको पासवर्ड साटासाट गर्नेदेखि फेसबुक अकाउन्ट ...॥

४




### १३ अंकसँग किन डराउँछन्

मानिसहरु १३ अंकलाई अशुभ मान्छन् । तर यसको पछाडिको कारण सायद धेरैलाई थाहा छैन होला । तपाईलाई यसको कारण थाहा छ ?

६

# दलितले पाउँने सुविधा नपाएको गुनासो


**रेखदेख संवाददाता**
**रुकुम**

मुसीकोट नगरपालिका-१३ का शेरबहादुर दमाईले जग्गा किनबेच गर्दा दलित तथा महिलाले जग्गा रजिष्ट्रेशन शुल्कको २५ प्रतिसत रकम छुट हुने सुनेका थिए। गत असार १८ गते जिल्ला मालपोत कार्यालयमा पुग्दा भने उनले जग्गा रजिष्ट्रेशन बापतको शुल्कमा कुनै छुट पाएनन्।

किनबेच भएको जग्गाको कुल मुल्यको ४ प्रतिसत नै तिर्नु पऱ्यो। उनले ७९ हजारमा किनेको जग्गाको जग्गा रजिष्ट्रेशन बापत शुल्क रु. ३ हजार १ सय ६० रुपैयाँ बुझाए। आठविसकोट नगरपालिका ४५ वर्षिय नरबहादुर नेपाली गत भदौ १९ गते जग्गा कारोबार गर्दा जग्गा खरिद मुल्यको ४ प्रतिसत रु.८ हजार ६ सय रुपैयाँ बुझाउनु पऱ्यो। उनले पनि दलित वर्गले पाउने जग्गा रजिष्ट्रेशन बापतको सुविधा नपाएको गुनासो गरेका छन्।

दमाई र नेपाली मात्र होईनन्, जिल्ला मालपोत कार्यालयमा पुग्ने अधिकास दलितहरुले सरकारले दिएको सुविधा नपाएको गुनासो गरेका छन्।

जिल्ला मालपोत कार्यालयका कर्मचारीले दलितको सिफारिस माग्दै हैरान बनाएको स्थानीय नरबहादुर नेपालीले बताए। उनले भने,'जग्गा रजिष्ट्रेशन बापतको सुविधा पाउन सिफारिस भन्दै अप्ठेरा बनाएको उनले जनाए।' मालपोतका कार्मचारीले व्यक्ति हेरी सुविधा दिने गरेको नेपालीले आरोप लगाए। कसैलाई सिफारिस चाहिँदैन्, कसैलाई सिफारिस नभए सुविधा पाईंदैनन् नेपालीले रेखदेखलाई भने, 'नागरिकतामा प्रष्ट दलित जात भित्रका थर भएपछि किन सिफारिस चाहियो नेपालीले भने।'



जिल्ला मालपोत कार्यालय रुकुम पश्चिमबाट जग्गा रजिष्ट्रेशन शुल्कमा दलितले छुट नपाएको रसिद। तस्वीर : रेखदेख

कर्णाली प्रदेश सरकारको आर्थिक विधेकमा दलित तथा महिलालाई जग्गा रजिष्ट्रेशन बापत कुल राजश्वको २५ प्रतिसत रकम छुट दिने व्यवस्था गरेको छ। जिल्ला मालपोत कार्यालय रुकुम पश्चिमका मालपोत अधिकृत मोहन प्रकाश गिरीले भने, दलितहरुलाई सुविधा उपभोग गर्न स्थानीय तहको सिफारिस अनिवार्य हुने बताए।

### सिफारिस बिना छुट पाईदैन्

घरजग्गा रजिष्ट्रेशनको लागि दलित र अपाङ्गले पाउने सुविधाको लागि सिफारिस अनिवार्य भएको जिल्ला मालपोत कार्यालय रुकुम पश्चिमले जानकारी दिएको छ। नेपाल सरकारले जारी गरेको आर्थिक विधेकको 'ग' विविधको बुँदा नम्बर ८ मा दलित र अपाङ्गको सिफारिस बीना जग्गा रजिष्ट्रेशन बापतको छुट दिन नसकिने उल्लेख गरेको कारण सिफारिस अनिवार्य बनाएको मोलपोत अधिकृत गिरीले बताए। हामीले नीति र विधीमा उल्लेख गरेको कुरालाई कार्यान्वयन गरेका हौं, सिफरिस बिना कसैलाई सुविधा दिएका छैनौं।

### साढे एक हजारलाई छुट

जिल्ला मालपोत कार्यालय रुकुम पश्चिमले गत वर्ष साढे १ हजारलाई छुट दिएको बताएको छ। आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला मालपोत कार्यालयबाट १ हजार २ सय ६४ जनाले जग्गा रजिष्ट्रेशनमा छुट पाएको जिल्ला मालपोत कार्यालय रुकुमका नायव सुब्बा ओमप्रकाश खत्रीले बताए। उनले भने, राजश्व छुट बापत ३० लाख ४५ हजार १ सय ३७ रुपैयाँ राजश्व छुट भएको छ। जसमा सबैभन्दा बढी महिला रहेका छन्। गत आर्थिक वर्षमा १ हजार ६ सय ६३ जना महिलाले रु. २५ लाख ५८ हजार ९ सय ३२ राजश्व छुट पाएका छन्। त्यस्तै दलितले १९७ जनाले ४ लाख ८२ हजार एक सय रुपैयाँ छुट पाएका छन्। भने अपाङ्ग भएका ४ जना व्यक्तिहरुले रु. ४ हजार १ सय ५ रुपैयाँ छुट पाएका छन्।

# 'बजेटबारे आम नागरिकलाई थाहा छैन'

**रेखदेख संवाददाता**
**मुसीकोट**

स्थानीयतहको बजेट बारेमा आम नागरिकलाई थाहा नभएको जनाएको छ। स्थानीयतहले हरेक वर्ष पारित गरेको नीति तथा कार्यक्रम र बजेट बारेमा स्थानीयलाई थाहा नभएको हो। स्थानीय सरकारले सरकारका नीति तथा कार्यक्रम र बजेट सार्वजनिक नगर्दा सूचना पाउँनबाट आम नागरिक बञ्चित रहेको नागरिक समाजका अगुवा नारायण कुमार शाहले जानकारी दिएका छन्। उनले भने, 'सरकारका नीति तथा कार्यक्रम सार्वजनिक नहुँदा आम नागरिकमा शंका समेत उत्पन्न भएको छ।'जिल्ला स्थित नागरिक समाज संघ संस्थाहरुको सञ्जालको रुपमा रहेको हेड नेटवर्कका सहभागीहरुले स्थानीय सरकारका नीति तथा कार्यक्रमबारे आम नागरिकलाई थाहा नभएको भन्दै जनताको थाहा पाउने अधिकार सुनिश्चित गर्न माग गर्ने बताएको छ।

विशेषगरी हरेक स्थानीय तहहरुले नीति तथा कार्यक्रम औपचारिक रुपमा सार्वजनिक गरेपनि स्थानीय तहकै वेबसाईडहरुमा राख्ने नगरेको तथा स्थानीय पत्रपत्रिका समेत स्थानीय सरकारका नीति तथा कार्यक्रम सार्वजनिक भएका छैनन्। त्यस्तै सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नुपर्ने २० प्रकारका सूचनाहरु समेत सार्वजनिक गरेका छैनन्। सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन तथा प्रशारण नगर्दा आम नागरिकले सूचना पाउँन नसकेका हुन्। आम नागरिकलाई सूचनाको हकको बारेमा समेत थाहा नहुँदा उनीहरु सूचना पाउन नसकेको पत्रकार महासंघ रुकुमका अध्यक्ष गणेश विकले जानकारी दिएका छन्।

त्यस्तै बजारमा अखाद्य वस्तुहरु विक्री वितरण भएको, म्याद नाघेका सामानहरु विक्री हुने गरेको र निश्चित दरभाउ नभएको भन्दै बजार अनुगमन गर्न सरोकारवाला निकायसँग माग गर्ने निर्णय समेत गरिएको हरप्लेस रुकुमका जिल्ला अधिकृत महेश केसीले जानकारी दिएका छन्।



**फिजियोथेरापी सेवा ! फिजियोथेरापी सेवा !**

• नशा च्यापिएको • हात खुट्टा झमझमाउने • हाड खिइएको
• साईटिका • हातगोडा दुख्ने • मुख बांगिएको • प्यारालाईसीस

सम्पर्क : राप्ती समाज अस्पताल सल्ले रुकुम (पश्चिम)
फोन : ०८८-५३०२४५, ९८००८७०१६५

# विप्लव नेतृत्वको विद्यार्थीको निशानामा विद्यालय

**रेखदेख संवाददाता**
**मुसीकोट**

नेत्रविक्रम चन्द बिप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) र समाजवादी विद्यार्थी युनियुन रुकुम पश्चिमले संयुक्त विज्ञप्ती जारी गरेको छ।

बुधबार जिल्ला सदरमुकाम खंलगा स्थित वालमन्दिर हलमा पत्रकार सम्मेलन गरी रुकुमको शिक्षा क्षेत्रमा रहेका विकृति हटाउन पहल गर्ने जनाएका छन्। अखिल (क्रान्तिकारी) रुकुम पश्चिमका संयोजक प्रेम प्रशान्त बोहरा र समाजवादी विद्यार्थी युनियन रुकुमका संयोजक नवराज वुढाले हस्ताक्षर विज्ञप्तीमा रुकुम जिल्लाको सामुदायिक र संस्थागत विद्यालयहरु भएका विकृति र विसंगतीहरुलाई उजागर गरिएको छ।

रुकुम जिल्लाका शैक्षिक संस्थाहरुले विद्यार्थीहरुबाट चर्को शुल्क अशुल्ने गरेको, अबैध शैक्षिक संस्था सञ्चालन गरी विद्यार्थीहरुमा अन्याय गरेको, प्राविधिक शिक्षाको नाममा मनपरी शुल्क अशुल्ने गरेको लगायतका १४ बुदे माग विज्ञप्तीमा उल्लेख गरिएको छ।

यसका साथै जिल्ला स्थित शैक्षिक संस्थाहरुले शैक्षिक सत्र २०७६ मा वृद्धि गरेको सम्पूर्ण शुल्क तत्काल खारेज गर्नुपर्ने, लिइएको शुल्क फिर्ता गर्नुपर्ने र प्रक्रिया पुरा नगरी व्यापारको निम्ति खोलिएका प्राविधिक शिक्षालय बन्द गर्नुपर्ने माग राखेको छ। त्यस्तै विद्यालयले कक्षा उतिर्ण गरेको प्रमाणपत्र वितरण गर्दा परीक्षा बोर्डले तोकेको भन्दा बढी रकम नलिन, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत प्राविधिक शिक्षा अध्यापन गराइरहेका सामुदायिक बिद्यालयले शुल्कमा एकरुपता ल्याउन, बैज्ञानिक शुल्क निर्धारण गर्न, कक्षा ११ र १२ मा लिइएको सम्पूर्ण भर्ना शुल्क र मासिक शुल्क खारेज गर्न समेत माग गरिएको छ।

विशेषगरी निजी शैक्षिक संस्थाहरुले विभिन्न शीर्षकमा मच्चाइरहेको लुट तत्काल बन्द गर्न र शैक्षिक संस्थाले नियम अनुसार विद्यार्थीलाई दिनुपर्ने छात्रवृत्ति वितरण गरिएका विद्यार्थीहरुको नामावली सार्वजनिक गर्नुपर्ने संगठनका अखिल क्रान्तिकारीका संयोजक प्रेश प्रशान्त बोहराले जानकारी दिएका छन्। माग पत्रमा संघर्षका कार्यक्रहरु पनि तय गरिएको छ। २५ गते पत्रकार सम्मेलन, २६ र २७ गते पर्चा वितरण, २८ गते सरोकारवाला निकायमा ज्ञापन पत्र बुझाउने, २९ गते प्रश्नपत्र बुझाउने ३० गते सरोकारवालासँग छलफल र ३१ गते जिल्ला सभा गर्ने विज्ञप्तीमा उल्लेख गरेको छ।

विप्लव नेतृत्वको विद्यार्थीहरुले शिक्षा क्षेत्रको सुधारको कुरा उठाउदा चन्दासँग जोडेर विषय तोड्मोड भएको भन्दै विद्यालयबाट कुनैपनि चन्दा नलिने संयोजक बाहेराले बताए।

'संविधान दिवश तथा राष्ट्रिय दिवश हर्षोल्लासका साथ मनाऔं : घर-घरमा राष्ट्रिय झण्डा फहराऔं।'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

रेखदेख
रूकुमको लोकप्रिय पत्रिका
२०७६ भदौ ३० सोमबार । 16 September 2019 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
दृष्टिकोण
www.rekhadekh.com


'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

### जोगियौं डेंगी रोगबाट

नेपालमा डेंगी रोगको प्रकोप बढेको छ । नेपालका झण्डै ५६ जिल्लामा डेंगी रोगको संक्रमण देखिएको छ । हाल नेपालमा झण्डै ६ हजार बढीमा यो रोगको संक्रमण देखिएको छ ।

डेंगी ज्वरो एडिस जातको लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको सरुवा रोग हो । डेंगुको भाइरसबाट संक्रमित लामखुट्टेको टोकाइले यो रोग सार्दछ । यो लामखुट्टेले विशेषगरी दिउँसो मात्र टोक्ने गर्दछ। वर्षातको समयमा सुरु भएपछि डेंगी ज्वरोको प्रकोप बढ्न थाल्छ ।

डेंगी रोगका लक्षणहरु ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, शरीरमा डाबरहरु आउने, अरुचि हुने, जोर्नी तथा मांसपेशीहरु बेस्सरी दुख्ने पेट तथा आन्द्रामा गडबडी हुने, केही बिरामीमा सुरुमै शरीरभरि खटिरा आउँने गर्दछ । त्यस्तै शरीरमा डण्डिफोर जस्तो डावरहरु देखिन्छन् । ज्वरो आइरहेको अवस्थामा नाक तथा गिजाबाट रक्तश्राव हुने र छालामुनि रक्तस्राव हुने हुन्छ । यो रोगबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाइबाट जोगिनु पर्दछ । यसका लागि लामखुट्टेको नियन्त्रण नै सबैभन्दा उत्तम उपाय हो । यसका साथै शरिरमा लामो कपडा लगाउने, झुलको प्रयोग गर्ने, घर वरपर पानी जम्न नदिने, खाल्डा खुल्डी पुर्ने र घर आँगन सफा राख्ने गर्नु पर्दछ । यदि डेंगीको संक्रमण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा गएर डाक्टरको सल्लाहमा औषधी उपचार गर्नुपर्दछ ।

# वर्चश्व दलित शासककै

दलितभित्रको विभेद अन्त्य हुन नसक्नुका पछाडि दलित शासकहरूले दलितभित्र नै शासन गर्न खोज्नु पनि एक महत्वपूर्ण कारक तत्व बनेको छ ।




## गोपाल नेपाली

वर्णव्यवस्था जात र जातिबीच विभेदको गहिरो खाडल खडा गर्ने एक मार्गदर्शक सिद्धान्त हो । वर्णव्यवस्थामा आधारित जातव्यवस्थाबाट दलित समुदाय ऐतिहासिक दलनमा फसेको देखिन्छ ।

जात व्यवस्थाले दलितमात्र नभएर गैरदलितहरू पनि त्यत्तिकै पीडामा रहेको देखिन्छ तर यसको मात्रा भने फरक छ । दलितहरू अत्यन्त पीडित छन् भने गैर दलितहरू कम पीडामा । पीडा हुँदाहुँदै पनि गैरदलित विशेषगरी खस/आर्यहरू जातीय पिरामिडमा गर्व गर्छन् किनकि यही जात नै उनीहरूका लागि प्रगति र उन्नतिको सिँढी बनेको छ। अर्कातर्फ दलितका लागि दुर्दशा र दलन बनेकोछ । जातव्यवस्थाकै कारण बाहुनले बाहुनलाई, क्षत्रीले क्षत्रीलाई, जनजातिले जानजातिलाई र दलितले दलितलाई भेदभाव तथा छुवाछूत गर्छन् ।

दलितभित्रको विभेद अन्त्य हुन नसक्नुका पछाडि दलित शासकहरूले दलितभित्र नै शासन गर्न खोज्नु पनि एक महत्वपूर्ण कारक तत्व बनेको छ ।

आफूभित्रै एकले अर्कोलाई गर्ने विभेदकै कारण जातीय विभेद मौलाउने गरेको देखिन्छ तर यस विषयमा कुरा उठाउन खोज्दा आन्दोलन कमजोर हुन्छ भनी कोही केही चुइँक्क पनि बोल्न चाहँदैन र बोल्न पनि दिँदैनन् । यो आफू उच्च हुने खेल पो रहेछ भन्ने बुझिँदैछ यतिखेर । जातव्यवस्थाको मुख्य विशेषता भनेकै तहगत श्रेणी सिर्जना गरी फरक फरक जातबीच सामाजिक अन्तरघुलन हुन नदिनु र उनीहरूमाथि शासन गर्नु हो । दलितभित्रको विभेद अन्त्य हुन नसक्नुका पछाडि दलित शासकहरूले दलितभित्र नै शासन गर्न खोज्नु पनि एक महत्वपूर्ण कारक तत्व बनेको छ ।

### २००७-२०१७को दलितभित्रको प्रतिनिधित्व

दलित समुदायभित्रको समावेशिता विश्लेषण गर्ने हो भने करिब ७ दशक लामो आधुनिक प्रजातान्त्रिक अभ्यासका आधारमा भन्दा नेपाल एकल जातीय, प्रभुत्व, एकात्मक शासन प्रणलीका आधारमा सञ्चालन हुँदै आएको छ ।

दलितभित्र पनि एकल जातीय प्रभुत्व कायम रहेको विगतको प्रतिनिधित्वदेखि वर्तमान अवस्थासम्मले देखाउँछ । दलितभित्रका अन्य जातजाति भने सधैँ बालीघरे नै बनेको अवस्था छ । यो अवधिको प्रतिनिधित्व हेर्दा व्यवस्थापिका र कार्यपालिकाको अधिकार राजा र उनको मन्त्रिपरिषद्मा थियो । प्रतिनिधिसभामा दलित नै थिएनन् भने महासभामा एक दलितकोउपस्थिति देखिन्छ ।

### २०१७-२०४६सम्मको प्रतिनिधित्व

यो अवधिमा४ जना पहाडे पुरुषले राष्ट्रिय पञ्चायतको सदस्य बन्ने मौका पाएको देखिन्छ। जसमध्ये ३ जना विश्वकर्मा र १ जना परियार समुदायका थिए ।

### २०४६-२०६२सम्मकोप्रतिनिधित्व

यो अवधिमा३ वटा संसदीय निर्वाचन र २ वटा स्थानीय निर्वाचन सम्पन्न भएकामादलित समुदायको सहभागितामा कुनै फरक परेन। २०४८ सालको निर्वाचनमा १ जना प्रत्यक्ष निवा्चित भए भने ८ जना पुरुष राष्ट्रिय सभामा टीका लगाउन पुगे। जसमध्ये५ जना विश्वकर्मा, १ जना सार्की, १ जना परियार र १ जना मधेसबाट पासवान समुदायका थिए । राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका २६ वटा जात छन् तर दलित भन्नेबित्तिकै दलितहरूकै शासकलाई मात्र बुझिने चलन यद्यपि छ। दलितभित्रका अतिसीमान्तकृत समुदायको प्रतिनिधित्वलाई ख्याल गरेको देखिँदैन ।

विगतको जहानिया शासनदेखि गणतन्त्रात्मक राज्य व्यवस्थामा पनि दलितभित्र नै एकल जातीय वर्चश्व हुनु भनेको दुर्भाग्य हो । अन्तरिम व्यवस्थापिका २०६३ मा प्रतिनिधित्व गरेका १८ जनामध्ये ५० प्रतिशत एउटै जातको वा विश्वकर्माको प्रभुत्व देखिन्छ । तराईका १९ जातमध्ये पनि एउटै जातको एकाधिकार देखिन्छ। २०६४ सालको संविधानसभामा ५० जना दलितको प्रतिनिधित्व थियो । तर तीमध्ये मुसहर, खत्वे तथा वादी समुदायको जनसंख्याको आकार ठूलै भए पनि उनीहरूको प्रतिनिधित्व शून्य रह्यो। २००८ देखि २०६२ को बीचमा विश्वकर्मा तथा परियार समुदायकुल दलितको जनसंख्यामा आधाभन्दा कम भएपनि उनीहरूले संसद्मा प्रतिनिधित्व गर्ने दलितमध्येतीन चौथाइ स्थान ओगटेका देखिन्छ ।

२०७० सालको संविधानसभाको निर्वाचनमा भने दलित प्रतिनिधित्व घटेर ४० जनामा ओर्ल्यो। यसमा पनि दलितभित्रको समावेशिता दलित शासकहरूकै बाहुबलीमा रह्यो। ४० मध्ये १६ जना विश्वकर्मा थिए भने ९ जना परियार समुदायका ।मधेसी दलितमा पनि एकल जातीय बाहुल्यता नै कायम रह्यो ।

### वर्तमान प्रतिनिधित्व

राष्ट्रियसभामा ५९ जना सदस्य हुने व्यवस्था छ । यो सभामा १ प्रदेशबाट १ जना दलित अनिवार्य प्रतिनिधित्व गर्नैपर्ने व्यवस्थाअनुसार राजनीतिक दलहरूले बाध्य भएर प्रत्येक प्रदेशबाट १ जना दलितको प्रतिनिधित्व गराएको देखिन्छ । तरभने शून्य । ७ जना राष्ट्रियसभा सदस्यमा ४ जना विश्वकर्मा छन् भने २ जना तराई दलितका पासवान र हरिजन छन्। १ जना परियार छन् । प्रतिनिधिसभामा दलित समुदायबाट ३ जनाले प्रत्यक्ष निर्वाचनबाट जिते । ११० जना समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुने व्यवस्थाअनुरूप १६ जना दलित समावेश छन्। दलित समुदायको समावेशितालाई संघीय संसद्को प्रतिनिधिसभामा ४ वटा जातले समग्र पहाड, तराई र हिमालको प्रतिनिधित्व गरेका देखिन्छ । प्रतिनिधिसभाका १९ दलित सांसदमा ११ विश्वकर्मा, ४ परियार र३ सार्की छन् । तराईका १९ जातिको एकल प्रतिनिधित्व खत्वे जातले थामेको देखिन्छ । पहाडी दलितभित्र वादी र गाइनेको उपस्थिति छैन भने नेवारी दलितले पनि हिस्सा पाएनन् ।

### प्रदेशसभामा प्रतिनिधित्व

७ वटै प्रदेशका प्रत्यक्ष निर्वार्चित ३ सय ३० सांसदमध्ये ४ जना दलित सांसद प्रत्यक्ष निर्वार्चित भएका छन् भने २ सय २० जना प्रदेश समानुपातिक सदस्यमध्ये २९ जना दलित छन् । संविधानको भावना अनुसार दलित समुदायले १३.८ प्रतिशत पाउनुपर्छ तर अहिले ६ प्रतिशत दलित सांसदमात्र प्रदेश सभामा छन् । दलितभित्रको समावेशिता हेर्दा झन दुःखदायी स्थिति देखिन्छ । ३३ जना दलित समुदायका प्रदेश सांसदमध्ये झण्डै आधा एउटै समुदायका छन् भने ७ जना तराई दलित छन् । पहाडका सार्की, परियार समुदायको उपस्थिति समानुपातिकरूपमा प्रतिनिधित्व नभए पनि सहभागिता देखिन्छ । त्यसैगरी पहाडी दलितमा वादी समुदायको प्रतिनिधित्व १ जनाले मात्र गरेको देखिन्छ भने गाइने र नेवारी दलितको उपस्थिति छैन । तराई दलितका १९ जातमध्ये ३ वटाको मात्र सहभागिता छ । तराईका चिडिमार,कोरी, कलर, ककैहिया, खटिक, डोम, नटुवा मुसहर, हलखोर आदि जातिको उपस्थिति देखिँदैन । संविधानको धारा ४० (१) अनुसार दलितभित्र पनि जनसंख्याका आधारमा समानुपातिक समावेशिता कार्यान्वयन हुन अति नै आवश्यक देखिन्छ ।

### स्थानीय तहमा प्रतिनिधित्व

स्थानीय निर्वाचन हेर्दा पनि दलितभित्रको समावेशिता देखिँदैन । ७५३ स्थानमा भएको स्थानीय निर्वाचनमा३५०४१ जना स्थानीय जनप्रतिनिधि चुनिएका थिए । स्थानीय तह निर्वाचन ऐन २०७३ को बाध्यकारी व्यवस्थाका कारण ६५६७ दलित महिला सदस्यहरू विजयी भएका छन् । जसलाई दलितभित्रको प्रतिनिधित्वले विश्लेषण गर्दा दलितभित्रका अति सीमान्तकृत समुदायको प्रतिनिधित्व न्यून देखिन्छ। विजयी दलित महिलामध्ये झण्डै २९१९ विश्वकर्मा, ९५ ९परियार, ६४६सार्की, १८ वादी, १२ नेवारी दलित र ६ जना गन्धर्व समुदायको स्थानीय स्तरमा प्रतिनिधित्व देखिन्छ। मधेसी दलितमा पनि चमार र दुसाध जातिको प्रतिनिधित्व अत्यधिक देखिन्छ भने डोम, मेस्तर खत्वे, कलर, कोरी, बातर आदि समुदायको प्रतिनिधित्व न्यून देखिन्छ ।

### अन्त्यमा,

राष्ट्र विभिन्न जात, जाति, धर्म, संस्कृति, समुदाय वा सम्प्रदायको एकीकृत रूप हो। राष्ट्रको समग्र विकास हुनका लागि यी सबै समुदायको विकास हुनु अनिवार्य छ। यद्यपि नेपालको सन्दर्भमा अधिकांश दलित, मधेसी र जनजातिलगायतका अल्पसंख्यक तथा सीमान्तकृत समुदाय राज्यको मूल प्रवाहमा आउन सकेका छैनन् । १९१० को मुलुकी ऐनले जातीय सिँढी जसरी तय गरेको थियो त्यो सिँढी दलितभित्रको आन्तरिक सिँढीमा पनि देख्न सकिन्छ। त्यसैलेदलित आन्दोलनले दलितभित्रको प्रतिनिधित्वलाई पनि समानरूपमा लिन आवश्यक छ। दलित समुदायभित्रैबिष्ट र बालीघरे सिर्जना गरी जनसंख्यालाई देखाएर त्यहाँका अतिसीमान्तकृतलाई बहिष्करणमा पारिएकै कारण दलित आन्दोलन सुस्त भएको हो भन्ने बुझ्न ढिला नगरौं ।

दलित अनलाईन खबरबाट

रेखदेख
पाठक वर्गमा अनुरोध
तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोबाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।
- सम्पादक

ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं
जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ। स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।
पुथाउत्तरगंगा गाउँपालिकाको कार्यालय
रूकुम (पूर्व) प्रदेश नं. ५ नेपाल

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ भदौ ३० सोमबार । 16 September 2019 Monday




१०६ औं विपी जयन्तीको अवसरमा बृक्षारोपण गर्दै नेपाली कांग्रेसका केन्द्रिय प्रतिनिधी मैना कार्की, नेपाली कांग्रेस रुकुमका सभापति प्रेम प्रकाश ओली र सचिव गोरखबहादुर खत्री । तस्वीर : रेखदेख

# जनताको समस्या बुझ्न गाउँ पस्यो कांग्रेस !

**रेखदेख संवाददाता**
**रुकुम**

नेपाली कांग्रेस फेरि गाउँ जागरण अभियान सहित गाउँ जाने भएको छ। नेपाली कांग्रेस दोस्रो गाउँ जागरण कार्यक्रम अन्र्तगत गाउँ जाने भएको हो।१०६ औं विपी जयन्तीको अवसरमा दोस्रो गाउँ जागरण कार्यक्रमको उद्घाटन गरिएको छ। जस अन्र्तगत रुकुम निर्वाचन क्षेत्र नं. १ को प्रदेश (क) अन्र्तगतको मुसीको नगरपालिका २ रातामाटाबाट र प्रदेश(ख) अन्र्तगतको मुसीकोट नगरपालिका १३ छिवाङ्गबाट रुकुम पश्चिमको गाउँ जागरण अभियान सुरु गरिएको नेपाली कांग्रेस रुकुम पश्चिमका सभापति प्रेमप्रकाश ओलीले जानकारी दिएका छन् । उनका अनुसार - रुकुम पश्चिमका सबै वडामा र गाउँमा पुगेर जनताको समस्या बुझ्ने कार्यक्रम रहेको बताए। सभापति ओलीले भने, 'कांग्रेसले गाउँमा गएर सरकारको ज्यादती र जनताको समस्याको वकालत गर्ने काम गर्नेछ । निर्वाचन क्षेत्र नं. (क) अन्र्तगत पीपल, सेराखेत, झुला, घेत्मा, गोतामकोट, आठविसकोटको राडि वजारका साथै



झुलखेतमा समेत कार्यक्रम गर्ने जनाएको छ। त्यस्तै निर्वाचन क्षेत्र नं. (ख) अन्र्तगत छिवाङ्ग चौताराबाट सुरु भएको गाउँ जागरण अभियान त्रिवेणी गाउँपालिकाको सिम्रुतु, झुल्नेटा, नुवाकोटडाँडा, कोटजहारी, चौरजहारी, पुर्तिमकाडा लगायतको क्षेत्रमा पुगेर जनताको समस्या बुझ्ने नेपाली कांग्रेस रुकुम पश्चिमले जानकारी दिएको छ।

गाउँ जागरण अभियान कार्यक्रम अन्र्तगत निर्वाचन क्षेत्र प्रदेश (क) मा केन्द्रिय प्रतिनिधी एकराज डाँगीका साथै निर्वाचन क्षेत्र प्रदेश (क) का सभापति सुरतजंग मल्ल, नेपाली कांग्रेसका नेता धिरेन्द्र मल्ल, मुसीकोट नगरपालिकाका सभापति महेन्द्र केसी, नेपाल राष्ट्रिय मगरसंघका अध्यक्ष टेकबहादुर पुन, महिला संघ रुकुमका अध्यक्ष मनिषा भण्डारी लगायतको टोली खटिएको छ। भने निर्वाचन क्षेत्र प्रदेश (ख) केन्द्रिय प्रतिनिधी मैना कार्की, नेपाली कांग्रेसका सभापति प्रेमप्रकाश ओली, महाधिबेशन प्रतिनिधी सीता ओली, लगायतका कांग्रेसका नेताका साथै भातृसंगठनका प्रमुख तथा प्रतिनिधी गाउँ जाने छन्। नेपाली कांग्रेस रुकुमको दोस्रो चरणको गाउँ जागरण कार्यक्रम असोज ७ गते सम्म सञ्चालन हुनेछ।

# अर्गानिक महोत्सवमा चाउचाउको प्रचार

**रेखदेख संवाददाता**
**जुम्ला**




जुम्लामा बिहिवार देखि दस दिने प्रादेशिक कृषि पर्यटन, साँस्कृतिक तथा औधोगिक ब्यापार महोत्सव शुरु भएको छ । कर्णालीको आर्थिक, सास्कृतिक, सामाजिक तथा पर्यटन क्षेत्रको समृद्धिका लागि महोत्सव आयोजना गरिएको उद्योग बाणिज्य संघ जुम्लाले जनाएको छ । महोत्सवको उद्घाटन कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले गरेका थिए । उनले पानसमा बत्ति बालेर उद्धघाटन गरेका छन ।महोत्सवमा कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारी,पर्यटनमन्त्री नन्दसिंह बुढा पनि सहभागि थिए । कृषि पर्यटन, उद्योग ब्यापारको पुर्बाधार ,जुम्ला बिकासको मुल आधार भन्ने नाराका साथ महोत्सव जुम्लाको राजासिममा शुरु भएको हो। ब्यापार महोत्सवमा बिभिन्न ९० टा स्टल राखिएका छन् । स्थानीय उत्पादन, स्थानीय उद्योगबाट उत्पादित बस्तु, घरेलु राडिपाखी,लिउ,पाखो, टोपी, कोट राखिएको हो । मेला मुल समारोह समितिका सदस्य सचिब पुरीचन्द्र देवकोटा मेला हेर्न आउने जो सुकैले स्थानीय उत्पादन बारेमा जानकारी हासिल गर्ने र स्थानीय परिकारको स्वाद चाख्न पाउने ब्यवस्था मिलाइएको बताउँछन्। कर्णाली प्रदेश सरकारले सिंगो प्रदेशलाइ अर्गानिक बनाउने भनिरहेको बेला यो मेलामा पनि अर्गासिनक बस्तुको खरिद बिक्रि र प्रदर्शनी हुने महोत्सवमा सहभागि बक्ताहरुले बताएका छन् । प्रत्येक बिद्यालयलाई सास्कृतिक नृत्यका बिद्यार्थी ल्याइएको थियो । यो पटक मेलामा तीन करोड रुपैयाँ बरावरको कारोवार हुने अनुमान गरिएको छ । मेला हेर्न आउनको लागि कर्णाली प्रदेशका दसवटै उद्योग वाणिज्य संघको कार्यालयमा निम्तो पठाएको छ। यहाँको जंगलमा पाईने थरिथरिका बहुमुल्य जडिबुटी प्रदर्शनका रुपमा राखिएका छन्। तयारीका लागि ५७ लाख रुपैयाँ खर्च हुने भएकोमा ६६ लाख रुपैयाँ आम्दानी गर्ने अनुमान गरिएको छ ।

यहाँको स्याउ, सिमि, आलु, फापर, कोदो, चिनो, कागुनोको फरक फरक परिकार फरक फरक स्वादमा उपलब्ध छ। दस दिन सम्म लाग्ने मेलामा राष्ट्रिय स्तरका ख्याति प्राप्त कलाकारको पनि प्रस्तुती रहने छ। जुम्लामा सञ्चालन भएको अर्गानिक महोत्सवमा चाउचाउको प्रचार गरेको भन्दै स्थानीयले विरोध समेत गरेका छन्। महोत्सव स्थलको प्रमुख गेटमा वाईवाई चाउचाउको प्रचार राखिएको छ।

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्यकर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## रेखदेख साप्ताहिक राशिफल

भदौ ३०- असोज ६ २०७६
16-22 September 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**




**मेष :** खर्चमा बृद्धि भएता पनि रोकिएका कामहरु बन्नेछन । यात्राको अवसर मिल्ने देखिन्छ । घर बाहिरको कार्य बाट लाभ रहने समय रहेको छ। व्यापार व्यवसाय गरेका लाई लगानी गर्नु पर्ने समय देखिन्छ। बैदेशिक व्यक्तिहरु लाई लाभ रहनेछ। भविश्यको लागि केहि लगानी लगाउने समय रहेको छ ।




**वृष :**धेरै आशा गर्ने बानीले कार्यमा केहि समस्या ल्याउने छ । भोलिको लागि सोचेको कामले फाईदा नै दिनेछ । आर्थिक क्षेत्रमा केहि कठिनाई रहने देखिन्छ । सामान्य कमीकमजोरी बाट कार्यमा केहि समस्या आउला। रिस मान्नेहरु बाट कार्यमा बाधा रहनेछ। तपाईको कर्मको प्रतिफल अरुले लिन खोज्नेछन ।




**मिथुन :** अवसरहरु थुपै आउनेछन तर नयाँ कार्यमा अगाडि बढनु भन्दा पहिले सोच बिचार गरेर अगाडि बढनु होला । अरुले तपाई लाई समस्यामा पार्ने प्रयास गर्नेछन। परिश्रम अनुसार फाईदा लिन समस्या रहने देखिन्छ । भबिश्यको लागि कार्यमा बिशेष शुरु वात गर्ने समय रहेको छ। अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ ।




**कर्कट :** अरुको सहयोगमा कार्यमा जुटनु पर्नेछ। सामाजिक कार्यमा मन जानेछ । तपाईको परिश्रमको फल अबश्य प्राप्त रहनेछ । बिगतमा रोकिएका कामहरु बन्दै जानेछन । सानो प्रयत्नले कामहरु अवस्य बन्नेछन । केहि कामको जिम्मेवारी लिने समय रहेको देखिन्छ। तपाईको जीवन शैलिको कुरा चल्नेछ




**सिंह :** कार्यमा केहि समस्या आउने देखिन्छ। थोरै उपलब्धिमा चित्त बुझाउनु पर्ने देखिन्छ । सोचेको कार्यमा बाधा रहनेछ । बिगतका केहि समस्या आउनेछन। स्वास्थ्यमा केहि समस्या आउला । घराँयसि कार्यमै बढि समय दिनु पर्नेछ । अनाबश्यक खर्चमा बृद्धि रहने समय देखिन्छ। आत्मा बिश्वास लिन नसक्दा समस्या आउला।




**कन्या :** समय मनोरन्जनमय देखिन्छ। साथीहरु सग भेटघाट हुनेछ। व्यापार व्यवसायमा लगानी लगाउनु पर्ने देखिन्छ। आफुलाई सोख भएको कार्यमा लगानी लगाउनु पर्ने देखिन्छ । नयाँ कुराको जानकारी प्राप्त रहने समय देखिन्छ। प्रेम तथा दामपतय जीवनमा सफलता रहनेछ। केहि बस्तु जोडने समय छ।




**तुला :** अल्छि गर्ने कारणले गर्दा कार्यमा केहि समस्या आउने देखिन्छ । आफनो हक अधिकारका लागि अगाडि बढनु पर्ने देखिन्छ। भौतिक सामाग्री जोडने समय रहेको छ। आर्थिक लाभ हुने कार्यमा अगाडि बढनु पर्ने देखिन्छ । मेहनत बाट कार्यमा सफलता रहनेछ । आन्तरिक भएर अगाडि बढेमा सफलता रहला ।




**वृश्चिक :** स्वास्थ्यका लागि खानामा बिशेष ख्याल गरेर अगाडि बढनु होला । नयाँ समाचारले कार्यमा सफलता मिल्नेछ । शैक्षिक कार्यमा सफलता रहनेछ । बौद्धिक कार्यमा अगाडि बढने समय छ । तपाईको कार्य बाट प्रतिष्ठामय काम गर्ने समय रहेको छ। कृषि,जग्गा जमिनको क्षेत्रमा सफलता मिल्नेछ।




**धनु :** बिगतमा रोकिएका कामहरु बन्नेछन । कुनै पनि काम गर्दा सहि निर्णय लिएर अगाडि बढनु होला । दीर्घकालीन योजना गोप्य राखेर अगाडि बढनु होला । घर परिवारको सहयोग बाट कार्यमा सफलता रहनेछ। तपाईको बौद्धिकता बाट कार्यमा साथ मिल्नेछ । प्रयास बाट लक्ष्यमा पुग्ने समय छ ।




**मकर :** कुनै पनि कार्यमा पुन प्रयास गर्दा रोकिएका कामहरु बन्नेछन । सहयोगको आशा देखाउने बाट धोका रहनेछ । तपाईको मेहनत बाट अरुलाई फाईदा रहने समय देखिन्छ । तपाईको रिस मान्ने व्यक्तिहरु बाट सताउन सक्नेछन। व्यापार व्यवसायमा ठिकै रहला । आधारभूत आबश्यकता पुरा गर्ने समय छ ।




**कुम्भ :** तपाईको मेहनत बाट सम्मानित हुने समय छ । आयआर्जनका क्षेत्रहरु बढदै जानेछन। अध्ययनमा सफलता रहनेछ। सोचेको काम सम्पादन हुने समय छ। बिगतका कमिजोरी लाई सुधार गर्ने समय रहेको छ । तपाईको बोलिको प्रभाव पर्ने समय देखिन्छ। आफनो प्रतिभा तथा कला लाई निखारतामा ल्याउने समय छ ।




**मीन :** तपाईको लागि साथ सहयोग गर्ने समय छ। नयाँ कार्यमा सफलता रहनेछ। स्वादिष्ट भोजनको योग रहेको देखिन्छ। बिगतका कार्य सफलता बाट हौसला मिल्नेछ। आर्थिक लाभ अबश्य रहनेछ। आफन्त तथा परिवार जन सग भेटघाट हुनेछ। आत्मा विश्वास बढनेछ। नयाँ समाचार प्राप्त रहनेछ।

# कथा : प्रेमको परीक्षा



नितिन आचार्य

आजकाल प्रेमीहरु अनेक परीक्षा लिइदिन्छन्, प्रेमिकाहरुले माया गर्छन् कि गर्दैनन् भनेर । त्यसो त प्रेमिकाहरु पनि परीक्षा लिने मामिलामा कम हुँदैनन् । आजकाल मात्रै पनि के भन्नु ? भगवान् शिवले पनि विभिन्न रुप धारण गरी प्रेमको परीक्षा लिएकै हुन् क्यारे ।

शिवजीको पालामा भन्दा अहिले परीक्षाको शैली फेरिएको छ । आजकाल फेसबुकको पासवर्ड साटासाट गर्नेदेखि फेसबुक अकाउन्ट आफ्नो नियन्त्रणमा लिँदै प्रेमीहरु मायाको जाँच लिइराखेकै हुन्छन् । फेसबुके फेसन भनेको यही हो कि !

युनिभर्सिटीको जाँचभन्दा कठिन प्रेमको जाँच, जहाँ अलिकति मात्रै पनि दायाँ-बायाँ वा अघिँ-पछि भयो भने सम्बन्ध चैट् हुन्छ, कहिल्यै मौका परीक्षामा भाग लिन नपाउने गरी । ऊ मेरो साथी मात्रै थिई या अरु नै कोही थिई, अझै मनले ठम्याउन सकेको थिइनँ । हरेक दिन फेसबुकमा बोल्ने बानीले मन र मस्तिष्क दुवै आफ्नो नियन्त्रण भन्दा बाहिर पुगेको भान भएको थियो ।

मलाई ऊ कृष्णसँग बोलेको फिटिक्कै मन पर्दैन । म चाहन्छु, ऊ मसँगै मात्र बोलोस्, मसँग मात्र मिठाई जस्ता कुरा गरोस् । अँ साँच्ची, कुरा पनि मिठाई जस्तो हुन्छ र ? धत्, बकवास प्रश्न ! आफैंलाई गाली गर्छु ।

'कृष्णले दुई दिन भयो, न फोन उठाउँछ न फेसबुकमा अन छ ? कस्तो चिन्ता लागेको छ' भनेर फेसबुकमा उसले रिप्लाई गर्दा मन चसक्क गरी बिझ्यो । उसले जानीजानी चिढ्याउँदै थिई या के गर्न खोजेकी हो, तर एक्कासी रिस उठ्यो । मेरो रिस केका लागि ? थाहा छैन ।

'कृष्ण गोपिनी ले'र टाप कस्यो होला, तिमी चाहिँ कृष्णँ-कृष्ण भन्दै बस', उसको निराशामा खिन्न मन पार्दै रिप्लाई गर्छु ।

'तिम्लाई केही कुरो थाहा छैन, त्यही भएर त्यस्तो नबोल', उसले अलि रिसाएको शैलीमा रिप्लाई गरी ।

'यस्तो कुरो थाहा पाइराख्नु पर्दैन, आफैं बुझ्नुपर्ने हुन्छ', म शंका भरिएको सन्देश पठाउँछु ।

लगत्तै भगवानलाई धन्यवाद दिँदै भनी, 'बल्ल ऊ अनलाइन आयो, म खुसी भएँ ।'

खै किन हो, उसले खुसीले भरिएको मेसेज पठाउँदा म दुःखी भएँ । प्रेमको नियम प्रेममा लागू हुन्छ । ऊ खुसी हुँदा म दुःखी हुनु नियम विपरीत भयो ? प्रेमी भइनसकेको भएर यस्तो भएको हो कि ? आफैंलाई प्रश्न गर्छु । 'कवावमा हड्डी के बन्नु, ल म गएँ बाई ! तिम्रै कृष्णसँग बोलेर बस', ऊ कृण्णसँग बोलोस भन्दा पनि म उसको सम्बन्धको बारेमा जान्न खोज्छु र अझ उसलाई चिढ्याउँछु । 'के बुझ्यौ तिमीले ? ऊ मेरो आन्टीको छोरा हो', उसले फेरि रिसाएको शैलीमा रिप्लाई गरी । उसले यत्ति भन्दा मन बुत्रुक् बुत्रुक् नाचिरहेको थियो । मन नाच्नुको कारण ? सायद म मायामा परिसकेको थिएँ कि ? के यो जाँचमा ऊ पास भई त ? प्रश्न गर्दै आफैं हाँस्छु ।

'मैले'नि आन्टीकै छोरा भन्ठानेको', हाँसेको इमोजी टाँस्दै पठाउँछु ।

'खुब दिमाग लाउँछौ है !' रिप्लाई गर्छे ।

'मुख लाउनलाई म तिमी जस्तो व्यापारी हैन क्यारे !' म फेरि उसलाई चिढ्याउँछु ।

'म तिमीसँग बोलेर सक्दिनँ पागल', नखरा मिसाउँदै रिप्लाई गर्छे ।

मायाले पागल भनेकी हो कि मेरो कुराले पागल भनेकी हो, पत्ता लगाउन जरुरी ठानिनँ । मायाले भनेकी हो भने त पागलै सही हुन्छु होला है !

'दिमाग चलाउनेहरु पागल नै हुन्छन् । तिमी मुख चलाउने चैं के हौ नि ? मुखै चलाए पनि तिमी पागलभन्दा कम चै छैनौ है', हाँस्दाँ-हाँस्दै आँसु झारेको चाररपाँच वटा इमोजी राखेर रिप्लाई गर्छु।

'मुख चलाउनेहरु बाठा हुन्छन्, दिमाग चलाउने तिमी जस्तै पागल हीहीही'' ऊ मलाई जिस्क्याए झैं गर्छे ।

उसको कुरामा न सही थाप्छु, न गलत भनेर प्रतिवाद नै गर्छु । म चुपचाप बस्दा रिसायो भनेर अड्कल काटी कि ?

दस मिनेटपछि ऊ फेरि आफैं बोल्छे, 'कति बिजी हौ के ! कि म पागल्नीले भनेको कुरादेखि रिसा'को ?'

उसले कति बिजी भन्ने प्रश्न सोधेर जाँच लिए जस्तो लाग्दै थियो । उसले म अरु केटीसँग बोलेको शंका गर्दै छे कि ? यो प्रेमको जाँच कतिखेर हुन्छ भन्ने कुरा पनि आफैं थाहा पाउनुपर्ने है ! थाहा भएन भने ? खै !

'अक्सर पागलहरु कहिल्यै अरुसँग व्यस्त हुँदैनन्, अनि रिसाउँदैनन् पनि', फिल्मी शैली मिलाउँदै म जवाफ फर्काउँछु ।

'होला खूबै !' ऊ लाडिन्छे ।

आफूले लामो मेसेज पठाउनु अनि त्यसको जवाफमा अरुले छोटो पठाउँदा कति मन दुख्छ है ? आफैंलाई प्रश्न सोध्दै फिस्स हाँस्छु ।

हरेक दिन फेसबुकमा बोल्नेहरुसँग पनि कति गाढा सम्बन्ध बसेको ! हरेक कुरा सुनाउने बानीले ऊ प्रेमिका नै जस्तो लाग्ने । यो बानी कति नराम्रो ? बानी कि सोच नराम्रो हो ? तर, उसले कहिल्यै पराइ जस्तो पनि त सोचिन । आफ्नै सम्झेर बोलिरही निरन्तर । कारण यही हुन सक्छ, आफ्नै ठान्छे कि ? टोलाउँछु म ।

ऊ फेरि लेख्छे 'मलाई सारै टेन्स भा'को छ ।' शब्द छोटो बनाएर बिगारेको फिटिक्कै मन पर्दैन थियो । तनावमा भएको मान्छेलाई शब्द सच्याऊ भन्ने आँट गरिनँ । 'के भयो र ?' प्रश्न गर्छु ।

'मेरो बिहे गर्दिने रे । आज केटा हेर्न आउँछ र', खरर्र तुरुन्तै लेखी । भित्रभित्रै बनाएको ऊ सँगको भविष्य अचानक वर्तमानमै तहसनहस भयो, एकैछिनको भूकम्पले लडाएको घर जस्तै । म मौन बस्छु । मोबाइलको स्क्रिन फेरि कोट्याउँदै रिफ्रेस गर्छु ।

'मलाई त्यो केटा मनै पर्दैन के, कस्तो पागल जस्तो लाग्छ !' मेसेज पठाउन भ्याईसकेकी रै'छे । मभित्र रिस कि डाह भरिएको थियो, पत्तो पाइनँ । तर, उसको मनभित्रको कुरा थाहा पाउन सोध्छु, 'मभन्दा पनि पागल हो ?'

'हजुर त कति राम्रौं-राम्रो नि । त्यो त देख्दै रिस उठ्छ', रिप्लाई गर्छे ।

फेसबुकमा सुरुको दिन बोल्दा उसले मलाई 'हजुर' भनेकी थिई, त्यसपछि तिमी नै भन्दा हुन्छ भनेर म जान्ने पल्टेको थिएँ । त्यसपछि आज उसले 'हजुर' भन्दा मुटुको धड्कन जोडजोडले धड्कियो । किन यस्तो ? थाहा छैन ।

'त्यो मन पर्दैन भने म नै माग्न आऊँ कि क्या हो !' म उत्ताउलो बनेर पोखिएँ ।

'मलाई पाल्न सक्नुहुन्छ ?' सोध्छे ।

तिमीबाट ऊ एकैछिनमा तपाईं र हजुरमा आई । किन ? थाहा छैन ।

'अरे ! महिलाहरु आफैं सक्षम भइसके । बूढालाई नै पाल्ने आँट गर्छन् आजकाल । तिमी चैं यस्तो !' म ऊभित्रको नारी शक्तिलाई ब्युँताउन खोज्छु ।

'म चैं सक्दिनँ । पालिने नै ठाँउमा जाने हो म त', ऊ नब्युँतिएर परम्परागत नारी नै बनिर हने छाँटकाँट देखाउँछे ।

दिमागमा शब्दहरु छल्किन्छन् । तर, फेसबुकमा पोखिने आँट गर्दैनन् ।

फेरि ऊ रिप्लाई गर्छे 'अब तयार हुने बेला भयो । म गएँ । मलाई त्यो मनै पर्दैन । ऊसँग खुसी पनि हुन्नँ होला, के गरुँ ?

उसको लागि केही सल्लाह दिने आँट आएन । सल्लाहभन्दा पनि हल्ला गरेर भन्न मन थियो 'म खुसी पार्छु' भनेर । पहिले पनि भनेकै हो 'माया गर्छु' भनेर । त्यसबेला उसैले 'भाग्यको खेल हो, पछि के हुन्छ-हुन्छ' भन्दै मलाई टारेकी थिई । म पनि भाग्यकै आसमा बसेको थिएँ, छोरो परदेशबाट फर्किने आस गरेकी बूढी आमा जस्तै ।

मन परेको मान्छे अरुसँग बोल्दा त रिस उठ्छ, अझ अरुकै हुँदा कस्तो हुन्छ होला ?

फेसबुक सुनसान छ, तर दिमाग उम्लिरहेको छ, पृथ्वीको गर्भबाट निस्कन खोज्ने लाभा जस्तै ।

ऊ गइसकेको चार मिनेट देखाउँछ । नारायणगोपालको गीत ल्यापटपमा घन्किरहन्छ । मन पनि गीतसँगै बगिरहन्छ । फेसबुक खोल्न फिटिक्कै मन लाग्दैन । त्यही पनि चञ्चल मन मान्दैन । फेसबुक खोल्न पुग्छु । मेसेज बक्स टिलिक्कै टल्केको छ, पहेँलो सुन जस्तै । 'Finally I got ingaged' फोटो राखेर मेसेज पठाएकी रै'छे ।

म छक्क पर्दै नियालिरहेँ । गीत बज्दै थियो- 'पर्खी बसे आँउला भनी' ।' गीतका शब्द र आफ्नो परिस्थिति मिल्दा मुटुमै घन हाने जस्तो लाग्छ, त्यस्तै भयो ।

म उदासी झल्काउने इमोजी पठाउँछु र मौन बस्छु । किनभने मैले बुझेको छु, मौन बस्नु संसारको सबैभन्दा ठूलो साहस हो ।

यसरी उसका हरेक प्रश्नको उत्तर दिँदादिँदै आफैं थाकेँ । मलाई प्रेमको परीक्षामा पास हुने आशा मरेर आयो । त्यसपछि प्रश्नको उत्तर फर्काउन जरुरी ठानिनँ ।

सतिदेवी नभएका शिवजी यो जमानामा भएका भए कसरी छट्पटाउँदा हुन् ? आफैंलाई सोध्छु । सायद उनी भट्टीतिर छिरेर लट्ठ हुँदा हुन् है ! म पनि आफूलाई सतिदेवी बिनाको शिवजी ठान्छु र भट्टीतिर लाग्छु ।

भट्टीमा अर्को मान्छे आफ्नो प्रेमको कहानी सुनाउँछन् लट्ठ हुँदै ।

उसको कुरा सुनेर म उसैको कथा सुटुक्क लेखिदिन्छु अनि म तपाईं जस्ता पाठकलाई झुक्याउन खोज्छु, आफ्नै कथा जस्तो बनाएर ।

झुक्याएर मैले गल्ती गरेँ ? यदि त्यस्तो लाग्छ भने मैले अब माफी माग्नैपर्छ है ?

अनलाईन खबर डटकमबाट

ताजा सामाचार र भरपुर मनोरञ्जनका लागि
www.rekhadekh.com

# जीपसँगै बगेका चालकको जीवितै उद्धार

रेखदेख संवाददाता
रुकुम

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका १ र २ को सिमानामा पर्ने कुमाखोलामा जीप दुर्घटना भएको छ। रुकुम पूर्वको सिस्ने गाउँपालीका-९ पोखराबाट रुकुम पश्चिमको बाँफिकोट गाउँपालीका २ पिपल तिर फर्केको लु १ ज ४११५ नम्बरको जीप दुर्घटनामा परेको हो ।

पुर्वी रुकुम यातायात प्रारुरुलिको जिप बिच बाटोमा पर्ने कुमाखोलामा आएको बाढीले एकासी बगाएको हो। वाढीले बगाउदा रुकुम पुर्वको गाडी गाडी चालक रुकुम पूर्व सिस्ने गाउँपालिका-३ का २५ वर्षीया सुनिल विकलाई तत्कालै प्रहरीले सकुशल उद्धार गरेको प्रहरीले जानकारी दिएको छ।

गाडीमा अन्य यात्रु नभएकोले मानवीय क्षती भने नभएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रमुख प्रहरी उपरीक्षक सुमित खड्काले जानकारी दिएका छन् ।




# पहिरो दुई वालिकाको मृत्यु



रेखदेख संवाददाता
चुन

रुकुम पश्चिममा पहिरोमा पुरिएर दुई बालिकाको मृत्यु भएको छ । जिल्लाको मुसीकोट नगरपालिका-१० चुनका दुई बालिका विद्यालयबाट घर फर्कने क्रममा पहिरोमा पुरिएर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

स्थानीय डिलबहादुर विककी १२ वर्षीया छोरी डिलमाया विक र रणबहादुर कामीकी १० वर्षीया छोरी सावित्री विकको पहिरोले पुर्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रमुख प्रहरी नायव उपरीक्षक सुमित खड्काले जानकारी दिए । बुधबार विद्यालयबाट फर्कने क्रममा बेलुकी करिब ५ बजेतिर बाटोमै पहिरोले पुरेपछि उनीहरुको घटनास्थलमै मृत्यु भएको उनले बताए । विद्यालयबाट घर फर्कदै गर्दा गत वर्ष निर्माण गरिएको सडकमा पहिरो गएपछि दुबै बालिका पुरिएका थिए । उनीहरुको शव परीक्षणका लागि जिल्ला अस्पताल सल्लेमा ल्याएको छ । शव पोष्टमार्टम गरेपछि आफन्तलाई बुझाउने तयारी रहेको डिएसपी खड्काले बताए । योसहित रुकुम पश्चिममा पहिरोले पुरेर अहिलेसम्म पाँचजनाको मृत्यु भएको छ । मृत्यु हुनेमध्ये तीनजना स्कुले बालिका रहेको प्रहरीको भनाइ छ ।

'सामाजिक परिवर्तनका लागि राष्ट्रको पहरेदार'
रेडियो गेमी त्रिवेणी एफ.एम.९४.३
बिहान ५ बजेदेखि राती १० बजेसम्म सूचना, समाचार र संगितको साथी सधैं सुन्ने गरौं । साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गर्नुहोला ।
थप जानकारीको लागी
रेडियो गेमीत्रिवेणी एफ.एफ.
मुसिकोट नपा. १ रुकुम फोन नं. ०८८-५३०२५०

## व्यक्तिगत घटना घटेको दर्ता गरौ

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ। त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

पुथाउत्तरगंगा गाउँपालिकाको
कार्यालय रुकुम (पूर्व) प्रदेश नं. ५

# पेटको दुखाई निको गर्ने ४ घरेलु तरिका



अस्तव्यस्त लाइफस्टाइल तथा दूषित खानपान, तनाव र भागदौडले भरिएको जीवनका कारण तपाईंलाई अनेक प्रकारका स्वास्थ्य समस्याहरुले सताउने गर्छ । यी समस्या मध्ये पेट दुखाई एक हो ।

पेट दुख्ने समस्या अहिलेको समयमा सामान्य बनि सकेको छ । उसो त पेट दुखेमा बजारमा विभिन्न प्रकार का औषधिहरु पाइनछन् । तर, बजार मा पाइने औषधिको प्रयोग भन्दापनि पेट दुखेमा सकेसम्म घरेलु उपाय नै अपनाउनु पर्छ । किनकी कतिपय यस्ता औषधि पनि छन् जसको प्रयोगले तपाईंको पेटको समस्या निको हुनुको साटो झन बढाउन सक्छ । त्यसैले सकेसम्म घरेलु उपाय र औषधि कै प्रयोग गर्नु उत्तम मानिन्छ । आयुर्वेदमा यस्ता अनेक घरेलु वस्तुहरुको बारेमा व्याख्या गरिएको छ जसको प्रयोगले तपाईं घरमै बसेर आफ्नो पेट दुख्ने समस्याबाट छुट्कारा पाउन सक्नु हुन्छ ।जानौं केही घरेलु औषधिको बारेमा जसले हुन्छ तपाईंको पेट दुखाई निको गर्दछ :

**तुलसी**

तुलसी एक यस्तो विरुवाहो जसलाई धर्तीमा अमृत भन्ने गरिन्छ । तुलसीको सेवनलेशरीरमा भएका अनेक रोगहरु निको हुने गर्छ । पेट दुखाईको लागि पनि तुलसी निकै नै लाभकारी मानिन्छ । मात्र १ चम्चा तुलसीको रस पिउनाले पेट दुखाई निको हुने र पेट बटारेको पनि निको हुन्छ ।

तुलसीको पातलाई काढा बनाएर पिउनाले झाडापखाला र कब्जियत जस्ता समस्याबाट पनि छुट्कारा पाउन सकिन्छ । तुलसीको ४ वटा पातलाई नियमित सेवन गर्नाले विभिन्न प्रकारका समस्याबाट राहत पाउन सकिन्छ । त्रिफला अनियमित खानपान बढ्दो फास्ट फूड खाने चलनका कारण मानिसमा कब्जियतको समस्या निकै नै बढि देखिन थालेको छ ।

**त्रिफला**

आयुर्वेदको अनमोल उपहार हो । त्रिफलाले कब्जियतको समस्यामा निकै नै फाइदा पुर्याउँछ ।

त्रिफला तीन जडिबुटिको मिश्रणले बन्छ । जसमा आमलकी अर्थात् एमबलिकाअफीसीनालिस, हरीतकी अर्थात् टरमिनालिया छेबुबा विभीतकी अर्थात् टरमिनालिया बेलीरिका मिसिएको हुन्छ । त्रिफलाको एक सय ग्राम चूर्ण र ६० ग्राम चीनी मिसाएर दिनमा दुई पटक सेवन गर्नाले पेटको सबै समस्याबाट राहत पाउन सकिन्छ ।

**बेथे**

अब जाडो मौसम चल्दैछ । जाडो मौसममा बेथेको साग सजिलै बजारमा पाउन सकिन्छ । बेथेको साग पनि पेटको समस्यामा रामवाण मानिन्छ । यसले आमाशयमा शक्ति प्रदान गर्छ र कब्जियतको समस्यमा राहत दिलाउँछ । बेथेको सागले पेट सँग सम्बन्धीत समस्याबाट छुट्कारा दिलाउनुका साथै शरीरलाई शक्ति पनि प्रदान गर्ने काम गर्छ र शरीरमा फुर्ति पनि रहिरहन्छ । बेथेको रस, उमालेको सागको पानी पिउनाले पनि पेट सँग सम्बन्धित सबै प्रकारका रोग, ग्यास्ट्रिक, दुखाई, कब्जियत, निको हुन्छ ।

**सौंफ**

सौंफको प्रयोग प्राय:जसो खाना खाइसकेपछि गर्ने गरिन्छ । खानाखाइसकेपछि मुख गन्हाउने समस्याबाट राहत पाउनका लागि सौंफ खाने गरिन्छ । तर, सौंफको फाइदाबारे जानेर तपाईं आश्चर्यमा पर्न सक्नु हुन्छ । सौंफको सेवनले पेटको समस्यामा राहत दिलाउनुका साथै यसले हाम्रो शरीरमा अन्य फाइदा पनि पुर्याउँछ । सौंफलाई मसालाको रुपमा पनि प्रयोग गर्न सकिन्छ । यसलाई पानीमा उमालेर सेलाएर पानी पिउनु बढि फाइदाजनक हुन्छ । दिनमा तिन पटक उक्त मिश्रण पिउनाले अपच र कफको समस्याबाट छुट्कारा पाउन सकिन्छ । त्यति मात्र नभई पेट दुखेको अवस्थामा सौंफलाई भुटेर चपाएर खानाले पेट दुखाई निको हुन्छ । ( एजेन्सीको सहयोगमा)

प्रो.नवराज ओली
९८६९९६६५२२
९८०३५०८८५२
निराजन गार्मेन्ट एण्ड सप्लायर्स
मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)

हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसीमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।

## मुसीकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

**आन्तरिक आयतर्फको शिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना (ढुगां, गिट्टी, बालुवा एवंम रोडा बिक्रि र संकलन र कृषि उपज तथा वन पैदावर संकलन तथा निकासि शुल्क)**

*(प्रथम पटक प्रकाशित मिति २०७६/०५/२९)*

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ (४) र (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका आन्तरिक आय संकलनको (ठेक्का बन्दोबस्त)कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र नगर कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम् ठेक्का अंकमा नघट्ने गरि आ.व. २०७६।०७७ को जेठ मसान्तसम्मको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म (अनिवार्य रुपमा मु.अ.कर र पानमा दर्ता भएका) हरुबाट दर भाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपशिलमा उल्लेखित अनुसार कानुनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले शिलबन्दी दरभाउपत्र खरिद गरी शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन अनुरोध छ ।

| आय ठेक्का नं. | ठेक्का सम्वन्धी विवरण | संकलन र विक्रि गर्न पाउने अधिकतम परिमाण बार्षिक क्यू फिट | घाटगद्धि संकलन र विक्री गर्न पाउने सहित प्रति क्यू फिट | संकलन तथा विक्री शुल्क बापत हुने कुल न्यूनतम अंक रु. भ्याट र कर बाहेक | दरभाउपत्र फारम दस्तुर | धरौटि रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| ०१।०७६।०७७ | प्रियतरा (दुरे खण्ड) बगर मु.न.पा. १४ प्याकेज नं. १ | | | | | | |
| | | २३९६६४।१ | ३ | ७,१८,९९२।१ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०२।०७६।०७७ | लामिताल बगर मु.न.पा. २ प्याकेज नं. २ | | | | | | |
| | | १६७६५०।५६ | ३ | ५,०२,९५१।७ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०३।०७६।०७७ | गाराघाट बगर मु.न.पा. १ प्याकेज नं. ३ | | | | | | |
| | | १३३३५८।४ | ३ | ४,००,०७५।२ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०४।०७६।०७७ | भलखोला किनार बगर (क:तल्लो) मु.न.पा. १ प्याकेज नं. ४ | | | | | | |
| | | १७१४६०।८ | ३ | ५,१४,३८२।४ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०५।०७६।०७७ | भलखोला किनार बगर (क:माथिल्लो) मु.न.पा. १ प्याकेज नं. ५ | | | | | | |
| | | ४०००७५।२ | ३ | १२,००,२२६ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०६।०७६।०७७ | कृषि तथा वन पैदावरको निकासी कर संकलन प्याकेज नं. ६ | | | | | | |
| | | | | १,,००,००० | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |

१.उल्लेखित प्याकेज नं. १ देखि ६ नं. ठेक्काको दरभाउपत्रहरु फारम खरिदको लागि यस कार्यालयको लागि यस कार्यालयको राजश्व उपशाखाबाट दरभाउपत्र दस्तुर बापत काटिएको नगदी रसिद, आ.व.२०७५।०७६ मा फर्म वा कम्पनीको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित १५ औं दिनसम्म कार्यालय समय भित्र अलग -अलग दरभाउ पत्रहरु खरिद गर्न सकिने छ ।

२. दरभाउपत्रमा आधिकारिक व्यक्तिले सहिछाप गरी अलग अलग प्याकेजको शिलबन्दी सहित दरभाउपत्र भरि तोकिएको समय भित्र पेश गर्नु पर्नेछ ।

३. कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र फारमहरुलाई मान्यता दिइने छैन ।

४. खरिद भएका दरभाउ पत्रहरु खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको दिनमा गरिने छ । रित पुर्वक पेश भएका दरभाउपत्रहरु दर्ता गर्ने समय सकिए लगत्तै सोहि दिनको २:०० बजे यस कार्यालयका तोकिएका कर्मचारी तथा ठेकेदारहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न सकिने छ ।

५. धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड मुसिकोट शाखामा रहेको धरौटी खाता नं. ०७७०३०००००००००३०००००८(ग ३ धरौटी) मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको बैंक जमानत सक्कल प्रति संलग्न गरी पेश गर्नुपर्ने छ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र सो धरौटी रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ ।

६. दरभाउपत्र दाखिला गर्दा फर्म वा कम्पनिको व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, आ.व. ०७५।०७६ को कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्बन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्व घोषणाको पत्रको सक्कल प्रति समेत दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

७. दरभाउपत्र फारमहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्टसँग लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । म्याद नाघी वा रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।




रुकुम पूर्वको रुकुमकोटमा तामाका भाडाकुडा तयार गर्दै स्थानीयवासी। पछिल्लो समय तामाका भाडाकुडा बनाउने पर्खेली पेशा लोप हुन थालेको छ। तस्वीर रेखदेख

# १३ अंकसँग किन डराउँछन् मान्छेहरू ?

मानिसहरु १३ अंकलाई अशुभ मान्छन् । तर यसको पछाडिको कारण सायद धेरैलाई थाहा छैन होला। तपाईंलाई यसको कारण थाहा छ ?

खासगरी पश्चिमा देशहरुमा १३ अंकप्रतिको विकर्षण अचम्मकै छ। धेरै मानिसहरु १३ अंकसँग डराउँछन्, यसको प्रयोगबाट बच्दछन्। पश्चिमा सभ्यतामा १३ अंकलाई अशुभ मान्नुको विशेष कारण छ। उनीहरु महिनाको १३ तारेखलाई अशुभ यसकारण मान्दछन् कि क्रिस्चियन धर्मअनुसार १३ तारेखकै दिन यशु खिस्टमाथि एकजना व्यक्तिले विश्वासघात गरेका थिए । रात्रिभोजका क्रममा विश्वासघात गरेको त्यो व्यक्ति १३ नम्बरकै कुर्सीमा बसेको थियो अरे ।

त्यसैले होला मान्छेहरु १३ अंकलाई दुर्भाग्यपूर्ण सम्भिन्छन् ।




मनोवैज्ञानिकहरुका अनुसार १३ अंकप्रतिको मानिसहरुको डरलाई ट्राइस्काइडेकाफोबिया अर्थात् थर्टिन डिजिज फोबिया भनिन्छ।

यदि युरोप, अमेरिका तिर घुमिफर गर्दा तपाईंले कुनै होटलमा १३ नम्बर को कोठा अर्थात् कुनै भवनमा १३ औं तला देख्नुभएन भने अचम्म नमान्नु होला । साथै कुनै रेष्टुरेन्टमा १३ नम्बरको टेबल वा कुर्सी देखिएन भने पनि अनौठो नमाने हुन्छ। फ्रान्समा त खानाको मेसमा ठ्याक्कै १३ वटा कुर्सी नै राखिँदैन। (एजेन्सीको सहयोगमा


## ब्यक्तिगत घटना दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ। स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ। त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं। साथै विवाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं।

**सानीभेरी गाउँपालिकाको कार्यालय**
**रूकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल**

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटिङ्ग कार्ड, विवाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ।

**हिमाली छापाखाना एण्ड स्टेशनरी पसल**
मुसीकोट नगरपालिका १ तल्लो बजार रुकुम (पश्चिम)
**फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१**

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ। भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगरपालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी बहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम (पश्चिम)**

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रूकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**


**रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रूकुम**
**फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com**
**Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रूकुम**